प्रधानमन्त्री

काठमाडौं, नेपाल

## शुभकामना

नेपालको सहकारी अभियान ६५ वर्षमा प्रवेश गरेको सुखद अवसरमा मिति २०७८ चैत २० गते "मर्यादित व्यवसाय र प्रविधिमा सहकारी" भन्ने मूल नाराकासाथ देशव्यापि रूपमा ६५औं राष्ट्रिय सहकारी दिवस मनाउन लागेकोमा म सम्पूर्ण सहकारी अभियन्ताहरूलाई धन्यबाद व्यक्त गर्दै राष्ट्र निर्माणमा सहकारी क्षेत्रले पुऱ्याएको योगदान प्रशंसनिय छ।

नेपालको संविधानले आत्मनिर्भर, स्वतन्त्र र समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि सहकारी क्षेत्रलाई महत्त्वपूर्ण क्षेत्रको रूपमा आत्मसात् गरेको छ। सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा परिचालन गर्ने नीति संविधानमा उल्लेख भएअनुसार क्षेत्रगत नीति तथा कार्यक्रम र आवधिक योजनाका दस्तावेजहरूमा उक्त संवैधानिक भावनालाई प्राथमिकताका साथ समेटिएको छ। सहकारी क्षेत्रलाई तीनवटै तहको सरकारको अधिकार सूचीमा समावेश गरी राज्यले उच्च महत्त्व दिएको छ।

सहकारी क्षेत्र मुलुकको आर्थिक विकास, सामाजिक रूपान्तरण, गरिबी निवारण, आय र रोजगारी सिर्जनामा महत्त्वपूर्ण योगदान पुऱ्याउने क्षेत्र हो। नेपाल जस्तो विकासशील मुलुकमा यो दिगो विकासका लक्ष्यहरू पूरा गर्ने बलियो माध्यम पनि हो। नेपालमा सहकारी अभियानले गरिबी न्यूनीकरण, सामाजिक पूँजी परिचालन, रोजगारी सिर्जना, समावेशी समाज निर्माण, नेतृत्व विकास, महिला र सीमान्तकृत वर्गको उत्थान र सामाजिक जिम्मेवारीका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको तथ्य हामी सबै सामु विदितै छ। समुदायस्तरबाटै अर्थतन्त्रको विकास र सामाजिक न्याय सहितको उन्नतशील समाज निर्माण गर्न सहकारी अभियानले आगामी दिनमा पनि निरन्तर सहयोग पुऱ्याइरहने विश्वास लिएको छु।

सहकारी क्षेत्रको बहुमुखी उपादेयतालाई मध्यनजर गर्दै यसलाई दूर दराजका ग्रामीण भेगसम्म विस्तार गरी आर्थिक सामाजिक रूपले विपन्न समुदायको विकास र सशक्तीकरणमा योगदान पुऱ्याउन जरुरी छ। सहकारी संस्थाहरूको संख्यात्मक वृद्धि सँगसँगै यसले प्रदान गर्ने सेवामा गुणस्तर कायम गर्न र यसको व्यवस्थापनलाई थप चुस्त, समय-सापेक्ष, पारदर्शी र उत्तरदायी बनाउन आवश्यक छ। साथै, सहकारी संस्थाको अनुगमन र नियमनलाई प्रभावकारी बनाउँदै यस क्षेत्रमा कुनै पनि किसिमको अनियमितता हुन नदिन सम्बन्धित नियामक निकायले ध्यान दिन जरुरी छ।

अन्त्यमा, ६५ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा समस्त सहकारी अभियानकर्मी तथा सहकारी संस्थामा आबद्ध सम्पूर्ण कृषक, मजदुर तथा सर्वसाधारण सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

जय नेपाल !

१७ चैत, २०७८

शेरबहादुर देउवा

मानिनीय शशी श्रेष्ठ
मन्त्री
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

नेपाल सरकार
Government of Nepal

Hon. Shashi Shrestha
Minister
Ministry of Land Management, Cooperatives
and Poverty Alleviation,
Singhadurbar, Kathmandu

प.सं. :
च.नं. :

# शुभकामना

नेपालको पहिलो सहकारी संस्था "बखान" स्थापना भएको ऐतिहासिक दिनको सम्झना गर्दै हरेक वर्ष चैत २० गते राष्ट्रिय सहकारी दिवस मनाउने गरिन्छ । ६५औं राष्ट्रिय सहकारी दिवसको अवसरमा म सम्पूर्ण सहकारी सङ्घसंस्था, सहकारी अभियानमा संलग्न सरोकारवालाहरू तथा यस क्षेत्रमा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

स्वावलम्बन र पारस्परिकताको माध्यमवाट छरिएर रहेको पुंजी, प्रविधि र प्रतिभालाई एकीकृत गरी सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्ने विशेष व्यावसायिक विधि सहकारिता हो । यो विपन्नहरू आफैं मिली सम्पन्नताका लागि गरिने आर्थिक सामाजिक जागरणको अभियान पनि हो । वर्तमान संविधानले सहकारी क्षेत्रलाई गरिबी न्यूनीकरण, आत्मनिर्भर, दिगो एवम् समाजवादउन्मुख राष्ट्रिय अर्थतन्त्रको एक महत्वपूर्ण आधारस्तम्भका रूपमा स्वीकार गरेको छ ।

सहकारीका मूल्य, मान्यता र सिद्धान्तमा आधारित सुशासनयुक्त सबल सहकारी प्रणालीको विकास गर्न हाम्रा नीति र विधिलाई समयसापेक्ष परिस्कृत गर्दै सहकारी क्षेत्र अगाडि बढेमा निजी र सार्वजनिक क्षेत्रसरह प्रतिस्पर्धी र सम्मानित क्षेत्रका रूपमा सर्वस्वीकार्य हुनेछ । आज नेपालको सहकारी अभियान ६५ वर्षमा प्रवेश गरेको अवसरमा **"मर्यादित व्यवसाय र प्रविधिमा सहकारी"** भन्ने नाराले प्रविधिमैत्री, मर्यादित सहकारी व्यवसायका लागि सबै सहकारीकर्मीलाई उत्प्रेरित गरोस् भन्ने कामना गर्दछु । समस्त सहकारी सङ्घसंस्थाहरूलाई आफ्ना सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक उन्नयन तथा सभ्य, सुसंस्कृत र समृद्ध समाज निर्माणमा योगदान पुग्ने गरी क्रियाशील हुन प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

शशी श्रेष्ठ
मन्त्री

१८ चैत्र, २०७८

नेपाल सरकार

**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५

सिंहदरबार, काठमाडौं



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं


२० चैत्र. २०७८



## शुभ-कामना

"मर्यादित व्यवसाय र प्रविधिमा सहकारी" भन्ने मूल नाराका साथ देशव्यापी रूपमा आज ६५ औं राष्ट्रिय सहकारी दिवस मनाउँदै छौं । यस अवसरमा समस्त सहकारी संघ संस्थाहरू, सहकारी अभियानमा संलग्न सबै सरोकारवालाहरू तथा सहकारी क्षेत्रमा कार्यरत सम्पूर्ण राष्ट्रसेवकहरूमा समेत हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सहकारी क्षेत्रलाई गरिबी न्यूनीकरण तथा समाजवाद उन्मुख अर्थतन्त्रको एक महत्वपूर्ण आधार स्तम्भको रूपमा वर्तमान संविधानले स्वीकार गरेको छ । सहकारीलाई अझ बढी व्यवस्थित, पारदर्शी, प्रतिस्पर्धी तथा आर्थिक विकासको महत्वपूर्ण क्षेत्रको रूपमा विकास गर्न सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ को कार्यान्वयन र परिपालनाले महत्वपूर्ण सहयोग पुऱ्याउने छ । कार्यान्वयनमा आएका चुनौतिहरु सामना गर्ने गरी कानुनी व्यवस्थाहरुलाई सुदृढ गरी अनुगमन संयन्त्रको विधि प्रकृयालाई सुदृढ गर्नुपर्नेछ ।

सहकारीका आदर्श, मूल्य र सिद्धान्त विपरीतका कार्यहरु हुन नदिई विशुद्ध सहकारिताको विकास गर्ने प्राथमिक जिम्मेवारी सहकारीकर्मीहरुकै हो । सहकारिताको मर्म र भावना अनुरुप अग्रजहरुले बसालेको परिपाटी र असल अभ्यासहरुलाई अनुशरण गर्दै समय सापेक्ष हाम्रा विधि तथा प्रकृयाहरुमा सामयिक सुधार गर्दै अघि बढ्नु जरुरी छ ।

यस अवसरमा, सहकारीका शेयर सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक हित अभिवृद्धि गर्ने उद्देश्यले आरम्भ भएको नेपालको सहकारी अभियान आज ६५ औं वर्षमा प्रवेश गरेको शुभ-अवसरमा अझै सक्रियताका साथ आ-आफ्नो क्षेत्रमा क्रियाशील भई स्वनियमनमा रही सहकारीका गतिविधिहरु निर्बाध रुपमा सञ्चालन व्यवस्थापन गरी सुशासन कायम गर्दै मुलुकको अर्थतन्त्रको सवलीकरणमा सहयोग पुऱ्याउनु हुन र सहकारीको माध्यमबाट उत्पादन, रोजगारी लगायतका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउन कार्य गर्ने/ गराउने प्रेरणाका लागि सबैलाई हार्दिक आग्रह गर्दछु ।

(रामप्रसाद थपलिंया)
सचिव

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
(………………………………शाखा)

फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

मिति :-



## शुभकामना सन्देश

नेपालको सहकारी आन्दोलन ६५ औं वर्ष प्रवेश गरेको अवसरमा सम्पूर्ण सहकारीकर्मीहरुलाई हार्दिक बधाई र शुभकामना व्यक्त गर्दछु । नेपालको पहिलो संस्था **"बखान"** सहकारी स्थापनाको सम्झनामा प्रत्येक वर्ष चैत्र २० गते यो दिवस मनाउने गरिन्छ । यसै सन्दर्भमा गत वर्ष तय भएको सहकारी दिवसको नारा **"मर्यादित व्यवसाय र प्रविधिमा सहकारी"** लाई अझै पनि सान्दर्भिक मानी यस वर्ष पनि निरन्तरता दिइएको छ ।

नेपालको संविधानले समृद्ध राष्ट्र निर्माणका लागि सहकारीलाई महत्वपूर्ण आधारशिलाको रुपमा स्वीकार गरेको छ । मुलुकको मूल कानून, योजना, कार्यक्रम र बजेटले समेत उच्च प्राथमिकता दिएको सहकारीको माध्यमबाट रोजगारी सिर्जना, गरिबी न्यूनीकरण र सामुदायिक सशक्तीकरणका लागि सरकार, अभियान र सरोकारवालाहरुको हातेमालो अहिलेको आवश्यकता हो ।

पारदर्शिता, प्रभावकारिता र जोखिम न्युनीकरण गर्दै सहकारीलाई समृद्धिको साधन बनाउनु पर्दछ । संख्यात्मक उन्नति गरेको बचत तथा ऋण सहकारीलाई गुणात्मक सुधारतर्फ लैजान संस्थाहरुको एकीकरण जरुरी छ । सहकारी विभागमा रहेको सहकारी सम्बन्धी एकिकृत सूचना प्रणालीमा अभिलेखिकरणमा बृद्धि प्राथमिकताको विषय हो ।

अन्त्यमा, नेपालको संविधान अनुसार समाजवाद उन्मुख राष्ट्र निर्माण गर्न सहकारी संस्थाहरुले सहकारी सिद्धान्त, मूल्य, मान्यता, र दर्शनको अवलम्बन र परिपालना गर्दै सहकारी उन्नयनका लागि संविधान, सहकारी ऐन, नियमावलीले लिएको लक्ष्य र उद्देश्य हासिल गर्न यस दिवसले सबैलाई प्रेरणा प्रदान गरोस् ६५ औं राष्ट्रिय सहकारी दिवसको हार्दिक शुभकामना । धन्यवाद ।

(रुद्रप्रसाद पण्डित)
रजिष्ट्रार
मिति २०७८ चैत २०

(नोट: कृपया पत्राचार गर्दा प.सं., च. नं. र मिति अनिवार्य रुपमा उल्लेख गरिदिनु होला ।)